नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं ।
## (कर्मचारी प्रशासन शाखा)

फोन { ४२०००००, ४२००२८१, ४२००२९७, ४२००२९९

पत्र संख्याः- ०६९।७०

चलानी नं.:- ३३८८

मिति : २०७०/०२/०५

विषयः- दरबन्दी सिर्जना सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालयहरु, सबै ।

प्रस्तुत विषयमा निजामती सेवा (तेश्रो संशोधन) अध्यादेश, २०६९ को दफा २४घ१(ख) को उपदफा १ मा व्यवस्था भए बमोजिम साविकमा निजामती सेवा ऐन, २०४९ को दफा २४घ(१) अनुसार बढुवा भएका तहाँ कार्यालय वा अन्तर्गत कार्यरत कर्मचारीहरुको यस मन्त्रालयमा हाल पुल दरबन्दी सिर्जना गरी समायोजन पदस्थापना गरिएको व्यहोरा विदितै होला । उक्त सम्बन्धमा समायोजन पदस्थापना पश्चात सम्बन्धित पदको दरबन्दी सिर्जना र मिलान गर्ने सन्दर्भमा O and M survey समेत गर्नुपर्ने भएकोले तहाँ जि.वि.स.को कार्यालय र गा.वि.स.हरुमा शा.अ., ना.सु, स्तरका के कति पदहरु मिलान गर्न सकिने हो, देहाय वमोजिमका विषयहरुलाई आधार लिई तहाँको राय सहित गा.वि.स.हरुको नाम नामेसी सहितको विवरण ७ (सात) दिन भित्र उपलब्ध गराई दिनु हुन यस मन्त्रालयको मिति २०७०।०२।०५ को निर्णयानुसार अनुरोध गरिन्छ ।

### तपशिल

**क) शाखा अधिकृत पदको लागिः**

१. जिल्लाको सदरमुकाम भएको, वा
२. महानगरपालिका वा उप-महानगरपालिका क्षेत्र संग सिमाना जोडिएको, वा
३. काठमाडौं उपत्यका भित्रको,
४. देहायका मापदण्ड पुरा गरेकोः-

(क) हिमालमा ५,००० भन्दा बढी, पहाडमा १०,००० बढी र तराईमा २०,००० भन्दा बढी जनसंख्या भएका
(ख) केन्द्र सम्म मोटर पुग्ने बाटो भएको वा केन्द्रबाट चार कोषसम्मको दूरीमा चालु अवस्थाको विमानस्थल रहेको,
(ग) टेलिफोन तथा हुलाक सुविधा भएको र पचास प्रतिशत वा सोभन्दा बढी जनसंख्याले विद्युत सेवा उपभोग गर्न पाएको,
(घ) कम्तीमा उच्चमाध्यमिक विद्यालय भएको र ५०% वा सोभन्दा बढी जनसंख्या साक्षर भएको,
(ङ) कम्तीमा उपस्वास्थ्य चौकी भएको र ५०% वा सोभन्दा बढी जनसंख्याले पाइप वा ट्यूववेलको खानेपानीउपभोग गर्न पाएको र कम्तिमा ५०% जनतालाई सरसफाईको सुविधा भएको ।

**ख) ना.सु. पदका लागिः**

१. हिमालमा २,००० भन्दा बढी, पहाडमा ५,००० भन्दा बढी र तराईमा १५,००० भन्दा बढी जनसंख्या भएका ।
२. केन्द्रसम्म मोटर पुग्ने बाटो भएको वा केन्द्रबाट आठ कोषसम्मको दूरीमा चालु अवस्थाको विमानस्थल रहेको,
३. हुलाकको सुविधा भएको तथा कम्तीमा ५०% जनसंख्याले विद्युत सेवा उपभोग गर्न पाएको,
४. कम्तीमा माध्यमिक विद्यालय भएको तथा ४५% भन्दा बढी जनसंख्या साक्षर भएको,
५. कम्तीमा उपस्थास्थ्य चौकी भएको र ४५% भन्दा बढी जनसंख्याले पाइप वा ट्युववेलको खानेपानी उपयोग गर्न पाएको ।

शाखा अधिकृत